दोस्रो लहरको कोभिड-१९ महामारीको संक्रमणको रोकथाम र नियन्त्रण अभियान
मिति २०७८।१।०१ देखि २०७८।३।१५ गते सम्मको प्रगति विवरण

प्रदेश : सुदुरपश्चिम जिल्ला : बैतडी			
क.स.	विवरण	सख्या	रकम
१	समन्वय वैठक	६	
२	जिल्ला कोभिड व्यवस्थापन समिति	१२	
३	अन्तर जिल्ला समन्वय वैठक	२	
४	जिल्ला सुरक्षा समितिको वैठक	१५	
५	स्थानीय रेडियोबाट सन्देश प्रसारण	१०	
६	कोभिड अनुगमन विभिन्न स्थानीय तहहरुको पटक सख्या	१८	
७	जिल्ला अस्पताल सहित कोभिड उपचार केन्द्र	८	
८	वजार अनुगमन पटक	१२	
९	बजार अनुगमन स्थान	१३	
१०	वजार अनुगमन कारवाही (सख्या)	५४	
११	वजार अनुगमनकारवाही जरीवाना (रु)		१६५०००
१२	वैक तथा वित्तिय सस्था अनुगमन	३	
१३	हेल्पडेस्क सञ्चालन संख्या	२	
१४	लकडकडाउनको नियम पालना नगर्नेलाई कारवाही (सख्या)	१२६	
१५	लकडकडाउनको नियम पालना नगर्नेलाई कारवाही जरीवाना (रु)	०	५५०००
१६	गुनासो सम्वोधन संख्या	१३४५	
१७	सवारी अनुमति संख्या	५४३	

२०७८।३।१६

गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
☎०९५-५२०१३३/२३३ ०९५-५२०५३५
dao.baitadi@gmail.com
daobaitadi.moha.gov.np
facebook.com/daobaitadi

नयाँ भेरिएण्टको कोभिड-१९ महामारीको संक्रमण तीव्र रुपमा बढिरहेको हुंदा उक्त संक्रमणको रोकथाम र नियन्त्रण अभियान मिति २०७८।१।२० देखि निषेधाज्ञाका गरीएका उपलव्धी ।

क्र.सं.	विवरण	भए गरेका कार्यहरुको विवरण
१.	समन्वयको लागि	. संघ, प्रदेश र स्थानीय तहहरुवीच समन्वय भइरहेको, . मिति २०७८।१।१९ गते जि.स.स.प्रमुख, उपप्रमुख, सवै स्थानीयतहका प्रमुख, उप प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, स्वास्थ्य संयोजक, उद्योग वाणिज्य संघ, यातायात व्यवसायी संघ, ने.रे.सो., गैरसरकारी संघ/संस्था को समन्वय वैठकको आयोजना, . २०७७।१२।१० गते सीमा नाकामा स्वास्थ्य परीक्षणका लागि हेल्थ डेस्क स्थापना गरिएको, सीमानाकाबाट भित्रिले सबै व्यक्तिहरुको ऐन्टीजिन परीक्षण गरी पोजिटिभ आएमा संक्रमित व्यक्तिलाई जगन्नाथ वहुमुखी क्याम्पसमा रहेको आइसोलेसन केन्द्रमा राख्ने व्यवस्था मिलाइएको र लक्षण देखिएका संक्रमितहरुलाइ जिल्ला अस्पताल वैतडीको आइसोलेसन वार्डमा राखि उपचार गर्ने गरिएको । अन्य नेगिटिभ देखिएका व्यक्तिहरुलाई सम्वन्धित स्थानीयतहले अनिर्वाय १४ दिन होम क्वारेन्टाइन वा आइसोलेसन सेन्टरमा राख्ने गरी गन्तव्य स्थान सम्म पठाउने कार्य गरिएको । . जिल्ला सुरक्षा समितिका सम्पूर्ण सदस्यसहित स्वास्थ्य क्षेत्रमा संलग्न विज्ञ, लगायत सवै सरोकारवालाहरु समेत रहेको कर्यदल गठन, . स्थानीयतहहरुले जिल्ला प्रशासन कार्यालयमा कोभिड-१९ सम्वन्धी दैनिक रिपोर्टिङ गर्ने गरेको, . गृह मन्त्रालयमा COVID-19 सम्वन्धी विवरण सहित दैनिक नियमित रिपोर्टिङ गर्ने गरिएको, . मिति २०७८।२।९ गते वझाङ र वैतडी वीच अन्तर जिल्ला समन्वय वैठक भई झुलाघाट सीमा नाकाबाट भित्रिने बझाङ जिल्लाका नागरिकहरूको स्वास्थ्य अवस्था चेकजाँच गर्दा ऐन्टीजिन नेगेटिभ रिर्पोट आएका व्यक्तिहरुलाई सम्वन्धित स्थानीयतहले १० दिन अनिवार्य क्वारेन्टिनमा राख्ने गरी निजहरुले नै यातायात खर्च व्यहोर्ने गरी यातायातको साधनको व्यवस्था बैतडी जिल्लाले गर्ने गरी निर्णय गरिएको । . सुदुरपश्चिम प्रदेशको आन्तरिक मामिला तथा कानून मन्त्रालय र सामाजिक विकास मन्त्रालयहरुसग नियमित सम्पर्क, समन्वय र रिपोर्टिङ गर्ने गरेको, . प्र.जि.अ. तथा सुरक्षा निकायका प्रमुखहरुबाट DCMC बाट सवै स्थानीय तहहरुको नयाँ भेरिएण्टको कोभिड-१९ महामारीको संक्रमण रोकथाम र नियन्त्रण अभियान कार्यान्वयनको नियमित रुपले अनुगमन भइरहेको ,
२.	विभिन्न वैठक	. जिल्ला कोभिड व्यवस्थापान समिति : ६ पटक वैठक . अन्तर जिल्ला समन्वय वैठक : १ पटक . जिल्ला सुरक्षा समिति : आवश्यकता अनुसार पटक पटक वस्ने गरेको । . मिति २०७८।०१।२७ गते सुदूरपश्चिम प्रदेश कोभिड-१९ संकट व्यवस्थापन केन्द्रबाट आयोजित भर्चुअल वैठकमा प्र.जि.अ.को सहभागीता, . मिति २०७८।१।२९ गते नयाँ भेरिएण्टको कोभिड-१९ महामारीको संक्रमण रोकथाम, नियन्त्रण निदान र उपचारका लागी द्रुत प्रतिकार्य समुह गठन सम्वन्धी स्थानीयतहको कार्य प्रगति भर्चुअल समीक्षा बैठक । . मिति २०७८।२।५ गते जिल्ला विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना २०७८ अद्यावधिक सम्वन्धी भर्चुअल वैठक । . मिति २०७८।२।२७ गते कोभिड-१९ महामारीको रोकथाम उपचार तथा नियन्त्रण सम्वन्धी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट आयोजित भर्चुअल वैठकमा प्र.जि.अ.को सहभागीता, . मिति २०७८।२।३० गते जिल्ला विपद् व्यवस्थापन समिति वैठकबाट जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७८ र मनसुन पूर्वतयारी तथा तथा प्रतिकार्य योजना २०७८ पारित गरियो । . कोभिड-१९ कार्यदल : सुरक्षा समितिका पदाधिकारी र आवश्यकता अनुसार अन्य सरोकारवाला व्यक्तिको उपस्थितमा नियमित छलफल हुने गरेको ।
३.	जनचेतना फैलाउन	. नयाँ भेरिएण्टको कोभिड-१९ महामारीको संक्रमण रोकथाम र नियन्त्रण र सजगता अपनाउन सरकारी कार्यालयहरु, स्थानीयतह, राजनैतिक दलहरु, संचार माध्यमहरु (पत्रपत्रिका/रेडियो आदी) नागरिक समाज, उद्योग वाणिज्य संघ,ने.रे.सो, गैर सरकारी संघ/संस्था विभिन्न पेशाकर्मीहरुसंगको सहकार्यमा सचेतामुलक अभियान सञ्चालन गरिएको । . होम क्वारेन्टाइन वा आइसोलेसन सेन्टरमा संक्रमितहरुलाई मनोसामाजिक परामर्शको लागि स्थानीयतहको स्वास्थ्य संयोजकलाई जिम्मावारी दिइएको । . व्यक्तिगत पहलमा राहत संकलन, सञ्चार माध्यम तथा सामाजिक सञ्जालबाट बैतडी जिल्लामा स्वास्थ्य

प्रमुख जिल्ला अधिकारी

क्र.सं.	विवरण	भए गरेका कार्यहरुको विवरण
		सामाग्री तथा अक्सिजन सिलिण्डरका लागि भनि अनाधिकृत रुपमा गलत, भ्रामक र अफवाह फैलाउने व्यक्ति वा सूचना प्रकाशन प्रसारण गर्नेलाई कारवाही गर्ने निर्णय (२०७८।०२।०३)
४.	अन्य विरामीको उपचार हकमा	. नियमित रुपमा सञ्चालन गर्नुपर्ने खोप कार्यक्रमहरु सुचारु गराउने सम्वन्धमा स्वास्थ्य संस्थामा कठिनाई भएको, . नियमित उपचार गरिरहेका व्यक्तिहरुको स्वास्थ्योपचारको लागि सवारी अवागमनमा सहजीकरण गर्ने गरेको, . रेफर विरामीको हकमा सुरक्षा निकायहरुसंग समन्वय गरी अस्पतालसम्म जान सवारी सहजीकरण गरेको,
५.	राहत वितरण	. जिल्ला प्रशासन कार्यालयले स्थानीयतहहरुलाई अनिवार्य समन्वय गर्ने गरी मात्र राहत वितरण गर्ने अनुरोध गरेको,
६.	उद्धार : निषेधज्ञायपछि अलपत्र परेका, मजदुर, विरामी लगायतको संख्या	. आदेश जारी पछि ७ भन्दा वढी जिल्लाका ३२६ जना मजदुर तथा अन्य व्यक्तिहरुलाई वैतडी जिल्लाबाट आ-आफनो घर ठेगानासम्म पुऱ्याउन सहजीकरण गरिएको । . भारतमा काम गरी नेपाल फर्कने क्रममा झुलाघाटमा अलपत्र परेका १५ जना मजदुरहरुलाई स्थानीयतहसंग समन्वय गरी गन्तव्यमा पुऱ्याइएको , . प्र.जि.अ. र सुरक्षा निकायका प्रमुख सहित गिरेगडा पचेश्वर सडक आयोजना र जिल्ला अस्पताल भवन निर्माण स्थलगत अनुगमन गरी स्वास्थ्य सतर्कता अपनाई कामदारहरुलाई सुरक्षित क्वारेन्टाइनमा राखी कार्य सञ्चालन गर्न अनुमति दिइएको, . मिति २०७८/०२/०९ गते मानसिक अवस्था असन्तुलन भएकी किशोरीलाई मानसिक उपचारका लागि धनगढी पठाइएको ।
७.	क्वारेन्टिन, आइसोलेसन,केश इन्भेस्टिगेसन, ट्रेसिङ, स्वाव सकलन ऐन्टीजिन परीक्षण एवम् सहजीकरण	. जिल्ला अस्पताल सहित कोभिड उपचार केन्द्र : ८ . स्वाव /एन्टीजीन जम्मा संकलन तथा परीक्षण : १५८८९ जना . आइसोलेसन केन्द्र : १० . आइसोलेसन वेड संख्या : ४३३ जना . हाल आइसोलेशनमा रहेका संक्रमितहरुको संख्या ६६ जना . जम्मा संक्रमित संख्या : २,४५८ जना(महिला : ७०९ जना र पुरुष : १७४९ जना) . पहिलो लहरको कोभिड-१९ संक्रमित संख्या : ६४२ जना . संक्रमित भइ मृत्यु भएका : २ जना . दोस्रो लहरको कोभिड-१९ संक्रमित संख्या : १८१६ जना (महिला : ६०३ जना र पुरुष : १२१३ जना) . दोस्रो लहरमा संक्रमित भइ मृत्यु भएका : १० जना . दोस्रो लहरमा संक्रमित भइ जिल्ला वाहिर उपचारको क्रममा मृत्यु भएका: ४ जना . कोभिड-१९ का लागि पहिलो खोप लगाएका संख्या १६१९६ . कोभिड-१९ का लागि दोस्रो खोप लगाएका संख्या २८३३ (**VEROCELL** पहिलो खोप लगाएका संख्या १४०१)
८.	जिल्ला आगमनमा कडाई	. झुलाघाट नाका भएर आवतजावत गर्ने सबै यात्रीहरुलाई अनिवार्यरुपमा एन्टिजिन परिक्षण गर्ने गरिएको (मिति २०७७।१२।१० गते देखी) . भारतबाट आएका व्यक्तिहरुको छरछिमेक समुदायमा कन्ट्रेक्ट ट्रेसिङ गरी स्वाव संकलन गर्ने कार्य गरेको . अनुमति प्राप्त सवारी साधन, स्वास्थ्यकर्मी, सरकारी कर्मचारी, बैंक कर्मचारी, सुरक्षा निकायले प्रयोग गर्ने सवारी साधन र अतिआवश्यक सवारी साधन बाहेक सबै प्रकारका सार्वजनिक वा निजि यात्रु वाहक सवारी साधन सञ्चालनमा पूर्ण रोक लगाएको, . झुलाघाट सिमानाकाबाट नेपाल प्रवेश गर्ने व्यक्तिहरुको तथ्याङ्क संकलन गरी दैनिक रुपमा गृह मन्त्रालयमा पठाउने गरेको, . निशेधाज्ञाको उलङ्घन गर्ने चार पाङ्ग्रे सवारी साधनलाई नियमानुसार रु. ५०००/- र दुई पाङ्ग्रे सवारी साधनलाई रु. २,०००/- कारवाही गर्ने गरिएको, . नेपाल भारत सिमानाकाबाट हुनसक्ने अवाञ्छनिय गतिविधिलाई पूर्णरुपमा बन्द गरिएको,
९.	आइसोलेशन केन्द्र व्यवस्था	. जिल्लाका दशवटै स्थानीय तहहरुमा आइसोलेशन केन्द्रको व्यवस्थापन गरिएको, . झुलाघाट नाकाबाट फर्किएकाहरु कोभिड-१९ संक्रमित भएमा श्री जगन्नाथ बहुमुखी क्याम्पसको आइसोलेशन केन्द्रमा राख्ने व्यवस्था मिलाइएको, परिक्षण गर्दा नेगेटिभ भएका व्यक्तिहरुलाई सुरक्षित १४ दिन होम क्वारेन्टाइन वा आइसोलेशन केन्द्रमा बस्ने, तिनिहरुको अनुगमन स्थानीय तहबाट नै गर्ने व्यवस्था मिलाइएको, . आइसोलेशन केन्द्रबाट भागी घरजान लागेका ११ जना व्यक्तिहरुलाई सुरक्षाकर्मीको सहायताले पुनः आइसोलेशनमा राखिएको,
१०.	शंकास्पद	. समुदायस्तरमा शंकास्पद २६८७ व्यक्तिहरुको स्थानीय तह र स्वास्थ्य कार्यालयबाट स्वाव संकलन गरी

प्रमुख जिल्ला अधिकारी

क्र.सं.	विवरण	भए गरेका कार्यहरुको विवरण
	संक्रमितहरुको ट्र्याकिङ तथा केश इन्भेष्टिगेशन	. कोभिड-१९ को परिक्षण गर्दा १४८ जना संक्रमित भेटिएको, . मिति २०७८।०२।१८ गते देखि सडक मार्ग हुदै जिल्ला भित्रिने सवै व्यक्तीहरुको पाटन नगरपालिका वडा नं. ८ खोडपेमा एन्टिजिन परिक्षण गरी पोजिटिभ देखिएका संक्रमितहरुलाई ऐ.न.पा. ऐ.वार्ड स्थित श्री सिद्धदिप आधारभुत विद्यालय स्थित आइसोलेशन केन्द्रमा राख्ने व्यवस्था गरिएको । . मिति २०७८।२।३१ गत देखि आकस्मिक घुम्ती एन्टीजेन परीक्षण सेवा सचालन गरिएको ।
११.	हेल्पडेस्क सञ्चालन	. दशरथचन्द नगरपालिकाको वडा नं. ८ झुलाघाटमा हेल्पडेस्क सञ्चालनमा आएको, पाटन नगरपालिकाको वडा नं. ०८ खोड्पेमा हेल्पडेस्क स्थापना गरी जिल्लामा प्रवेश गर्ने सबै व्यक्तिहरुको एन्टिजिन परिक्षण गर्ने र स्वास्थ्य परिक्षण विवरण लिने (२०७८।०२।१८ गते देखी) ।
१२.	एम्बुलेन्सको व्यवस्थापन	. जिल्लाभरिका ११ वटा एम्बुलेन्स र चालकहरुको विवरण संकलन गरी सञ्चालन र व्यवस्थापनको जिम्मा स्वास्थ्य कार्यालय, जिल्ला अस्पताल र स्थानीय तहलाई दिइएको,
१३.	शव व्यवस्थापन	. प्रत्येक स्थानीय तहले शव व्यवस्थापनको लागि स्थान तोक्ने कार्य भइरहेको, . कोभिड-१९ को कारणबाट मृत्यु भएका व्यक्तिहरुको शव व्यवस्थापन नेपाली सेना हनुमानध्वज गुल्म गढीबाट भईरहेको, . हाल नेपाली सेनाद्वारा ७ वटा शवहरुको व्यवस्थापन गरेको,
१४.	आपूर्ति व्यवस्था	. दैनिक उपभोग्यका सामान, खाद्य, दुध, औषधी, पानी, पेट्रोलियम पदार्थ र उद्धार तथा राहतको कार्यक्रममा संलग्न यातायातलाई विना अवरोध अवागमन गर्ने व्यवस्था मिलाइएको । . खाद्यान्न लगायतका औषधी, तरकारी, दुध, पेट्रोलियम पदार्थ उद्योग वाणिज्य संघको समन्वयमा दैनिक बिहान ०७:०० बजे देखि १२:०० बजेसम्म खुला गरि बिक्री गर्ने व्यवस्था मिलाईएको, . खाद्यान्न, पेट्रोलियम पदार्थ, ग्यासको मौज्दातको रेकर्ड राख्ने व्यवस्था मिलाईएको , . स्थानीय कृषकहरुलाई तरकारी, कृषी उपज बेच बिखनको लागि सहजिकरण गरिएको,
१५.	पेशा व्यवसाय	. अतिआवश्यक पर्ने सामग्रीको लागि सवारी अनुमति आवश्यक नहुने गरी सहजीकरण गरिएको, . संघिय, प्रदेश स्थानीय तहका निर्माण आयोजनाहरु कोभिड-१९ स्वास्थ्य मापदण्डको पालना हुने गरी निर्माण कार्यलाई अनुमति दिइएको,
१६.	सेवा प्रवाह	. सरकारी कर्मचारीहरु र अत्यावश्यक सेवामा कार्यरत, बैंकिङ क्षेत्रका कर्मचारीले समेत आफ्नो कार्यालयमा उपस्थित भई कामकाज गर्ने (कार्यालय खुल्ने तर सेवा प्रवाह बन्द रहने), . अतिआवश्यक सेवा बाहेक अन्य कार्यालय सञ्चालनको लागि आवश्यक पर्ने कर्मचारीमात्र उपस्थित हुने व्यवस्था गरी अन्य कर्मचारीलाई आवश्यक परेको बखत तत्काल उपस्थित हुने गरी सम्बन्धित कार्यालय प्रमुखले सम्भव भएसम्म घरबाटै कार्यालयको काम गर्ने व्यवस्था मिलाइएको, . सबै सरकारी कार्यालयका सवारी साधन चालक सहित जिल्ला प्रशासन कार्यालयमा आलोपालो गरि १-१ वटा सवारी साधनलाई तयारी अवस्थामा राख्ने गरिएको (२०७८।०१।२० गते देखि) . बैतडी जिल्लाभित्रहुने बिवाहको लागि स्थानीय तह र स्थानीय प्रहरीसँगको समन्वयमा बेहुला बेहुली, पंडित र पुजा सामग्री राखेर अधितम १० जनाको उपस्थिति रहने गरी बिवाह सम्पन गर्ने व्यवस्था गरिएको , . अत्यावश्यक सेवा सञ्चालन तथा प्रवाहको लागि कार्यक्षेत्र तथा कार्यालयमा खटिएका कर्मचारीहरुले काम गर्दा कोभिड-१९ स्वास्थ्य मापदण्ड पालना गर्ने तथा पूर्वसावधानीका उपायहरु अवलम्बन गर्ने गराउने गरिएको,
१७.	बैंक तथा वित्तीय संस्था	. बैंकिङ तथा वित्तीय संस्थाहरुले दिउसो १:०० बजे सम्म सेवा दिने व्यवस्था गरिएको, . ५ वटा बैंकहरुको अनुगमन गरिएको,
१८.	अनुगमन	. प्र.जि.अ. लगायत सुरक्षा निकाय प्रमुखको नेत्रृत्वमा स्वास्थ्य कर्मी र सुरक्षाकर्मी समेतको टोली खटीइ अनुगमन गर्ने गरेको, . मिति २०७८।०१।२३ गरे दशरथचन्द नगरपालिका वडा नं. ९ नागार्जुनमा होम आइसोलेसनमा वसेका संक्रमित व्यक्तिहरुको अनुगमन गरिएको, . मिति २०७८।०१।२५ गते डिलाशैनी गा.पा. र दोगडाकेदार गा.पा.को समुदाय स्तरमा अनुगमन गरिएको, . मिति २०७८।०१।२६ गते सुर्नया गा.पा. को संक्रमित समुदाय स्तरमा अनुगमन गरिएको, . मिति २०७८।०१।३० गरे पाटन न.पा., मेलौली न.पा., शिवनाथ गा.पा. र पञ्चेश्वर गा.पा.मा कोभिड-१९ संक्रमणको अवस्था सम्बन्धमा अनुगमन गरिएको,
१९.	सीमा व्यवस्थापन	. सिमा क्षेत्रमा स्थापित BOP हरुमा परिचालित ७५ जना सशस्त्र प्रहरीहरुबाट 24/सिमाको निगरानी गर्ने गरिएको, . नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले भारतीय समकक्षीसंग समन्वय गरी नेपाल भारतको सिमामा हुने अवैध आवागमन, अवैध मालसामान ओसार पोसारको नियन्त्रण गर्ने गरेको ।

प्रमुख जिल्ला अधिकारी

क्र.सं.	विवरण	भए गरेका कार्यहरुको विवरण
		झुलाघाट नाकाबाट नेपाल प्रवेश गरेका व्यक्तिहरुको विवरण . महिला : ६८ . पुरुष : ३२९ . बालबालिका : ३८ . **जम्मा : ३९७** **झुलाघाट नाकाबाट भारत प्रवेश गरेका व्यक्तिहरुको विवरण** . महिला : ९६ . पुरुष : १७१ . बालबालिका : ४९ . **जम्मा : २६७**
२०.	विकास निर्माण	. राष्ट्रिय गौरवका विकास आयोजना तथा अन्य आयोजनाको हकमा निर्माण सामग्री, उपकरण र कामदारहरुलाई निर्माणस्थलमा नै सुरक्षित क्वारेन्टाइनको व्यवस्था गरी आयोजनाका प्रमुखको सिफारिसमा जिल्ला प्रशासन कार्यालयको पूर्व स्विकृत लिई जनस्वास्थ्य सुरक्षा मापदण्डको पूर्ण पालना गर्ने गरी आयोजना कार्यसंचालन भैरहेको, . आयोजना अनुमति संख्या ९५ वटा,
२१.	सीमा समकक्षी संग समन्वय	. भारतीय समकक्षी संग टेलिफोनबाट नियमित सम्पर्क र समन्वय भइरहेको,
२२.	कृत्रिम अभाव, मुल्य वृद्धि, कालोबजारी नियन्त्रण तथा कारवाही	. विभिन्न कार्यालयहरु, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय तथा मातहत सुरक्षा निकाय, घरेलु तथा साना उद्योग कार्यालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, उद्योग वाणिज्य संघ, स्थानीय तहको प्रतिनिधी समेतको टोली खटिई अनुगमन गर्ने गरिएको र सबैले जिल्ला प्रशासन कार्यालयमा रिपोटिङ गर्ने गरिएको, . कालोबजारी, जम्मा खोरी र कृत्रिम अभावको अनुगमनको जिम्मा संघिय कार्यालय, प्रदेश कार्यालय र स्थानीय तहलाई दिई सोहि अनुरुप मिति २०७८।०२।०५ गते देखि मिति २०७८।०२।२२ गते सम्म संयुक्त टोलीले बजार अनुगमन गरेको, . अनुगमन गरिएको स्थानः ११ वटा (दशरथचन्द न.पा., सुर्नया गा.पा., दोगडाकेदार गा.पा. र पाटन न.पा. का बिभिन्न स्थानहरु) . अनुगमन गरिएका पसल संख्या : ६० वटा(खाद्य, किराना, औषधी, फलफुल तरकारी, ग्यास, डेरी र खाद्य थोक पसल) . अमुगमनको क्रममा कारवाही गरिएका पसलहरुः २७ वटा, . हरेक दिनको बजार अनुगमनमा भए गरेका गतिविधिको प्रतिवेदन वेवसाइट (daobaitadi.moha.gov.np) को सुचनाको हक मेनु भित्रको विविधमा राख्ने गरेको
२३.	स्थानीय उत्पादन प्रवर्द्धनको निति	. स्थानीय उत्पादन (तरकारी, फलफुल,आदी) को वृद्धिमा जोड दिन सरोकारवालासंग आवश्यक समन्वय गरिएको, . तरकारी, धान, मकैको विउविजन, मल व्यवस्थापनको लागि प्रयासहरु भैरहेको, . स्थानीय तहलाई कृषि उत्पादनमा जोड दिन समन्वय भईरहेको,
२४.	स्वास्थ्य सामग्रीको उपलब्धता	. दोस्रो लहरको कोभिड-१९ को संक्रमण न्यूनीकरणका लागि आवश्यक मात्रामा स्वास्थ्य सामग्री सहजरुपमा उपलब्ध हुनको लागि सम्बन्धित निकाय संग समन्वय भईरहेको, . नयाँ भेरियन्टको कोभिड-१९ रोकथाम तथा नियन्त्रणमा संलग्न स्वास्थ्यकर्मी, सुरक्षाकर्मी र कर्मचारीहरुलाई सेनिटाइजर, फेस शिल्ड, मास्क, पन्जा लगायतका सामग्रीहरु यस कार्यालय तथा विभिन्न गैर सरकारी संस्थाहरुसंग समन्वय गरी उपलब्ध गराइएको,
२५.	अक्सिजन सिलिन्डर	. कोभिड-१९ संक्रमितहरुलाई अक्सिजनको कमि महसुस हुन नदिन सुरक्षा निकायबाट ६ वटा अक्सिजन सिलिन्डर वरामत गरी जिल्ला अस्पताल बैतडीलाई बुझाइएकोः मिति २०७८।०१।३१ र १ गते , . जिल्ला प्रशासन कार्यालयले समन्वय गरी जिल्ला अस्पताल वैतडीलाई अक्सिजन आपुर्तिमा सहजीकरण, . द.न.पा. वैतडीबाट जिल्ला अस्पताल वैतडीलाई अक्सिजन कन्सन्ट्रेटर १ थान हस्तान्तरण, . कैलाली हार्डवेयर एसोसिएसन धनगढीबाट जिल्ला अस्पताल वैतडीलाई अक्सिजन कन्सन्ट्रेटर १ थान हस्तान्तरण, . दशरथ चन्द स्मृति प्रतिष्ठान वैतडीबाट जिल्ला अस्पताल वैतडीलाई अक्सिजन सिलिन्डर ४ थान हस्तान्तरण, . दशरथ चन्द स्मृति प्रतिष्ठान वैतडीबाट जिल्ला अस्पताल वैतडीलाई अक्सिजन कन्सन्ट्रेटर ३ थान हस्तान्तरण . गगन चन्द डिभाईन फाउण्डेसन द.न.पा वैतडीबाट जिल्ला अस्पताल वैतडीलाई अक्सिजन सिलिन्डर १२ थान हस्तान्तरण, . ह्यमेनिटेरियन फाउण्डेसन धनगढीबाट जिल्ला अस्पताल वैतडीलाई अक्सिजन सिलिन्डर भरेर पठाएको (१२

प्रमुख जिल्ला अधिकारी

क्र.सं.	विवरण	भए गरेका कार्यहरुको विवरण
		थान ठुलो र ६ थान सानो), . नेपाल इन्जिनियर्स एसोसिएसन सु.प्र.कार्यकारणी समिति धनगढीबाट जिल्ला अस्पताल वैतडीलाई अक्सिजन सिलिन्डर भरेर पठाएको (१२ थान ठुलो दुई पटक), . कान्ता चन्द बैतडीबाट जिल्ला अस्पताल वैतडीलाई अक्सिजन सिलिन्डर भरेर पठाएको (१० थान ठुलो), . अक्सिजन सिलिण्डर ठुलो भरिएको ६७ थान, खाली १० थान . अक्सिजन सिलिण्डर सानो भरिएको ३५ थान, खाली ११ थान . अक्सिजन कन्सनटेटर २९ वटा
२६.	सम्बोधन भएका गुनासा	. सामान्य जिज्ञासा सम्बोधनः ६८० वटा . सुचना तथा जानकारी दिएकोः २१० वटा . ई-मेल वा फेसबुकबाट प्राप्त गुनासाको सुनवाईः २७ वटा . अन्य गुनासो व्यवस्थापन गरिएकोः ३०५ वटा . **जम्माः १२२२ वटा** . नागरिक एपसबाट नागरिकता सम्बन्धी प्राप्त २२७ गुनासाहरु मध्ये २७ फर्छौयट, १६ वटा प्रशोधन भइरहेको र ४ वटा अस्वीकृत गरिएको ।
२७.	सवारी अनुमति	. जम्मा सवारी अनुमति संख्याः ३३० . मेनअल पासः १८६ . आन्तरिक जिल्ला भित्र आवागमन सहजीकरण अनुमति १८९ . आयोजना अनुमतिः ८१
२८.	कार्यालयको आन्तरिक कामकाज	. निषेधाज्ञा आदेशको अवधिमा अनुगमन, तथ्याङ्क संकलन, बजार अनुगमनको लागि संयुक्त टोलीहरु बनाई खटाइएकोः ४५०० भन्दा बढी नागरिकताहरु रुजु गरी कम्प्युटरमा विवरण, कागजात अपलोड गरिएको र जसमध्ये CIMS फेला नपरेका ५४ वटा विवरण कागजात सहित प्रविष्टि भईसकेको र काम निरन्तर चलिरहेको, . जिल्ला प्रशासन कार्यालयबाट दैनिक रुपमार नियमित रिपोटिङ, समन्वय, सहजिकरण र अत्यावश्यक सेवा प्रवाहलाई व्यवस्थापन गर्ने कार्य भइरहेको ,
२९.	गुनासो सुनवाईको लागि	. मिति २०७८।०१।२० गते देखि नया भेरियन्टको कोभिड-१९ को रोकथाम तथा नियन्त्रण सम्बन्धमा सुझाव दिन तथा गुनासो टिपाउन २४ सै घण्टा टेलिफोन लाइन, फेसबुक पेज र ईमेल ठेगाना सुचारू, क. टेलिफोन नं. ०९५५२०१३३/५२०२३३ ख. फेसबुक पेजः www.facebook.com/हेलो-जिल्ला-प्रशासन-कार्यालय-बैतडी-790787567705941 ग. ईमेल ठेगानाः dao.baitadi@gmail.com, pass.dao73@gmail.com
३०.	जिल्ला प्रशासन कार्यालय बैतडीको अपेक्षा	१. नागरिकहरुले कानून तथा आदेशको परिपालना गर्नु हुन । २. सबै व्यक्तिहरुले आत्मअनुशासनमा होम आइसोलेशनमा बस्न हुन । ३. गलत र भ्रामक अपवाहहरुको पछि नलागि अधिकारिक, सत्य-तथ्य सूचनामा विश्वास गर्नु हुन । ४. सवै नागरिकहरुले स्वास्थ्य सुरक्षा मापदण्डको अनिवार्य रुपले पालना गर्नु हुन।

पुनश्चः

नयाँ भेरियन्ट कोभिड-१९ को रोकथाम नियन्त्रणका लागि सहयोग र समन्वय गर्ने कोभिड-१९ संकट व्यवस्थापन केन्द्र, नेपाल सरकार, गृह मन्त्रालय, सुदुरपश्चिम प्रदेश कोभिड-१९ निर्देशन समिति, सुदुरपश्चिम प्रदेश सरकार, स्थानीय तहहरु जिल्ला स्थित सम्पूर्ण राजनितिक दलहरु, जनप्रतिनिधि, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, कर्मचारी, उद्योग वाणिज्य संघ, नेपाल रेडक्रस सोसाइटी, यातायात व्यवसायी, उद्यम व्यवसायीहरु, नागरिक समाज, सञ्चारकर्मी लगायत सम्पूर्ण बैतडीबासी नागरिकहरुलाई बिशेष धन्यवाद र आभार व्यक्त गर्दै आगामी दिनमा थप सहयोगको अपेक्षा गर्दछु ।

(राजेन्द्रदेव पाण्डे)
प्रमुख जिल्ला अधिकारी

प्रमुख जिल्ला अधिकारी